विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२९५०७२
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१३, ● अंक-२३ ● २०७७ पौष ०६ गते सोमबार, ● 21 Dec. 2020, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## संघ-प्रदेश जोड्ने अर्को सडक पनि शिलान्यास

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका ५ देखि संघिय राजधानी काठमाडौंको सतुङ्गल सम्म जोड्ने सतुङ्गल–मातातिर्थ–देउराली–कुलेखानी शुक्रबार शिलन्यास भएको छ । बागमती प्रदेशका भौतिक पुर्वाधार मन्त्री रामेश्वर फुयाँलले शिलन्यास गरेका हुन् ।

सडक खण्डको मकवानपुर तर्फमा १२ करोड ३९ लाखमा आह्वान गरेका ठेक्कामा कविन्द्र निर्माण सेवाले ७ करोड ३ लाख ६६ हजारमा सम्भौता गरेको हो । २०७७ असार १७ गते सम्भौता भएको उक्त योजना २०७९ असार १६ गते सम्ममा सकाउनु पर्ने सम्भौतामा उल्लेख रहेको छ । ७ दशमलव १९ किलोमिटर लामो हुने सडक कम्तिमा ८ मिटर चौडाँई हुने छ । मकवानपुर तर्फको सडक पुर्वाधार विकास कार्यालय चितवनले हेर्नेछ भने काठमाडौं खण्डको सडक पुर्वाधार कार्यालय ललितपुरले हेर्नेछ ।


सडक पुर्वाधार विकास कार्यालय ललितपुरका कार्यालय प्रमुख दिपक कुमार दासका अनुसार यो सडक खण्ड बनेपछि संघिय राजधानी काठमाडौं देखि प्रदेश राजधानी हेटौंडा सम्मको सबैभन्दा छोटो दुरी हुनेछ । अहिले हेटौंडाबाट काठमाडौं जाने छोटो मार्गको रूपमा रहेको कुलेखानी–फाखेलको ७८ किलोमिटर र हेको छ । यसतै सिस्नेरी हुँदै काठमाडौं ७८ किलोमिटर रहेको छ । सतुङ्गल बनेपछि जम्मा ६४ किलोमिटर मात्रै हुनेछ ।

सडक खण्डको मकवानपुर तर्फको शुक्रबार शिलन्यास गर्दै बागमती प्रदेशका भौतिक मन्त्री रामेश्वर फुयाँलले सरकार विकास र समृद्धिमा लागेको बताए । उनले नेकपाका नेताहरूले जनता सामु गरेका बाचाहरू पुरा हुँदै गएको भन्दै प्रदेश सरकार र संघिय सरकारले गरेको विकास हेर्न ग्रामिण क्षेत्रमा गए थाहा हुने बताएका हुन् ।

थाहानगरलाई कडा रोगीको अर्को चुनौति

# क्यान्सर रोगी बढेको बढ्यै

विकास संवाददाता
थाहा नगर



सांकेतिक तस्वीरः गुगलाबाट

मकवानपुर थाहा नगरपालिकामा कडा खालको रोगीको संख्या वृद्धि भएको छ । थाहा नगरपालिका स्वास्थ्य शाखाले दिएको जानकारी अनुसार नगरमा कडा खालका रोगीहरूको संख्यामा उल्लेख्य वृद्धि भएको हो । नगरपालिकामा मुख्य रूपमा क्यान्सर सरोगीको संख्या तुलनात्मक रूपमा बढ्दै गएको स्वासथ्य शाखाका मेघराज बलामीले जानकारी दिए । उनले भने–'थाहानगरमा देखिने कडा खालका रोगी मध्ये धेरैजसो क्यान्सर रोगी रहेका छन् ।'

बिपन्न नागरिक औषधि उपचार सहायता प्रदान गर्न बनेको "बिपन्न नागरिक औषधि उपचार कोष निर्देशिका २०७५' लागू भएयता थाहा नगरपालिका स्थानीय सिफारिस समितिले ९६ जना कडा खालका रोगीहरूलाई उपचार सिफारिस गरेको बलामीले जानकारी दिए । नगरमा निर्देशिका कार्यान्वयनको प्रारम्भको बखत वि.सं. २०७५ फागुनदेखि असार सम्म १० जना र आर्थिक वर्ष २०७६/०७७ मा ७४ जना तथा चालु आर्थिक वर्षको मंसिर महिना सम्ममा १२ जनामा कडा खालको रोगीको संख्या पाईको स्वास्थ्य शाखाले जनाएको छ । थाहा नगरपालिकामा महिला र पुरूष कडा रोगीको संख्या हालसम्म बराबरी रहेको तथ्याङ्क छ । नगरपालिकाको तथ्याङ्क अनुसार शुरूको १० जनामा देखिएको कडा रोगीमा ६ महिला र ३ जना पुरूष रहेका छन् भने आर्थिक वर्ष २०७६/०७७ मा ३६ महिला र ३८ पुरूष तथा चालु आर्थिक वर्षको मंसिरसम्मा ५ महिला र ७ पुरूषमा कडा खालको रोग देखिएको हो ।

कडा रोगी मध्ये सबैभन्दा बढि वडा नम्बर १ मा रहेको छ । वडा नम्बर १ मा हालसम्म २४ जना कडा रोगी रहेका छन् । त्यस्तै वडा नम्बर २ र ९ बढि कडा रोगी भएको दोस्रो स्थानका वडा हुन् । ति वडामा १३/१३ जना कडा रोगीको उपचारको लागि सिफारिस भएको नगरपालिकाले जनाएको छ । वडा नम्बर १२ मा ११ र ११ नम्बर वडामा १० जना कडारोगीले उपचारको लागि सिफारिस लिएका छन् । त्यस्तै यसपछि वडा नम्बर ६, ३ मा बढि कडा रोगीले उपचारको लागि सिफारिस भएका छन् भने सबैभन्दा कम सिफारिस भएका वडा नम्बर १० र हेको छ । वडा नम्बर १० बाट २ जना पुरूषले मात्र कडा खालको रोगको उपचारको लागि सिफारिस लिएका छन् ।

> थाहा नगरमा देखिने कडा खालका रोगमध्ये धेरैजसो क्यान्सर रोगी रहेका छन् भने, १ नम्बर वडा कडा रोगी सबैभन्दा बढि भएको वडा हो ।

नगरपालिका क्षेत्रमा सबैभन्दा बढि क्यान्सरका रोगीहरू रहेको तथ्याङ्कले देखाएको छ । हालसम्मको विवरण अनुसार कुल ९६ जना कडा रोगीमा ४६ जनाका क्यान्सर भएको पाइएको छ । त्यसमध्ये महिला २६ र पुरूष २० जना रहेका छन् । त्यसपछि नगर क्षेत्रमा मुटु रोगीको संख्या बढि रहेको छ । नगरमा हालसम्म २७ जना मुटु रोगीहरूलाई सरकारले उपलब्ध गराउने आर्थिक सहायताको लागि स्थानीय समितिले सिफारिस गरेको छ । सिफारिस गरेकामध्ये १३ महिला र १४ पुरूष रहेका छन् । मृगौला पीडित ११ जनालाई नगरपालिकाले सिफारिस गरेको छ । यसमध्ये ४ जना महिला ७ जना पुरूष रहेका छन् । त्यस्तै अन्य खालका कडा रोगी जम्मा १२ जना रहेका छन् । यसमध्ये महिला ५ र पुरूष ७ रहेका छन् । अन्य भन्नाले टाउकोको गम्भीर चोटपटक लगायतका गम्भीर खालका चोट पटकका विरामीहरू भएको स्वस्थ्य शाखाले जनाएको छ ।

कडा खालको रोगको उपचारको लागि नेपाल सरकारले स्थानीय पालिकाको सिफारिसमा १ लाख रूपियाँसम्म उपचार खर्च व्यहोर्ने गरेको छ ।

स्थानीय पालिका प्रमुखको संयोजकत्वमा रहेको स्थानीय सिफारिस समितिले सिफारिस गरेपछि तोकिएको अस्पतालहरूले उक्त सुविधा प्रदान गर्ने गरेको छ । स्थानीय सिफारिस समितिले बिपन्न नागरिक औषधि उपचार कोष निर्देशिका २०७५ ले तोके बमोजिमको सुचिकृत कडा रोग लागेको व्यक्तिले ल्याएको अस्पतालको प्रमाणित कागजातको आधारमा यस्तो सिफारिस दिने व्यवस्था रहेको थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जानकारी दिए ।

## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

## नेपाल सरकारको सूचना !

**सङ्कटमा लैङ्गिक हिंसाको रोकथामः तीनै तहका सरकोले निर्माण गरौं नयाँ आयाम**

नेपाल सरकार
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
सूचना तथा प्रशारण विभाग

# • सम्पादकीय •

## स्वास्थ्य क्षेत्रमा सरकारको आशलाग्दो काम

मुलुकले अहिले ठूलो समस्यासंग जुधिरहेको छ । त्यो हो कोरोना संक्रमणको अवस्था । यसै सन्दर्भमा सरकारले केही ढिलोगरी भए पनि एउटा आशालाग्दो कदम अघि बढाएको छ। कोरोना संक्रमणका कारण सबैभन्दा धेरै स्वास्थ्य क्षेत्रमा सुधार गर्नुपर्ने दायित्व थपिएको महसुस गर्दै सरकारले स्थानीय तहमा तीन सयभन्दा बढी अस्पताल भवन निर्माणको थालनी गरेको छ। देशभरका सबै पालिकामा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यसहित पाँचदेखि १५ बेडसम्मका अस्पतालहरूको शिलान्यास गरिएको छ। मकवानपुरको थाहा नगरपालिकाले जिल्लामै पहिलो पटक अस्पताल निर्माणका लागि बोलपत्र समेत आव्हान गरिसकेको छ । यी अस्पताल भवन समयमै बने र आवश्यक जनशक्ति तथा उपकरणको यथोचित ब्यवस्था गरियो भने आधारभूत स्वास्थ्यको क्षेत्रमा उल्लेखनीय प्रगति हुनेछ। अस्पतालहरु सञ्चालनमा नआइभर परिहाल्ने अवस्था नभए पनि यो कदमले स्वास्थ्य क्षेत्र सुधारका लागि आशा भने बढाइदिएको छ।

हामी राजनीतिक र सवैधानिक हिसाबले नितान्त नयाँ ठाउँमा छौं। नेपाली जनताको लामो संघर्ष र बलिदानपछि समाजवादउन्मुख अर्थब्यवस्थासहितको संविधान निर्माण भएको छ। सामाजिक चरित्रका हिसाबले नयाँ संविधानपछिको राज्य ब्यवस्था पूर्ण लोककल्याणकारी हुनुपर्छ भने अर्थ राजनीतिका हिसाबले समाजवाद उन्मुख हुने भनिसकिएको छ। यो दुबैको एउटै सार के हो भने जनताका आधारभूत सेवा सुविधाको राज्यले सुनिश्चित गर्नुपर्छ। त्यसमा पनि आधारभूत शिक्षा र स्वास्थ्यको सम्पूर्ण जिम्मा राज्यले लिनुपर्छ। यी दुई क्षेत्रमा राज्यको पूर्ण ध्यान गयो भने बाँकी जीवनयापनका काम जनता स्वयंले गर्नेछन्। नेपालको संविधानले परिकल्पना गरेको दिशा पनि यहि हो । तर ब्यवहार यस्तो देखिएको छैन। झण्डै आधा वर्षको कोरोना संकट ब्यवस्थापनको अभ्यास हेर्दा सबैभन्दा कमजोर र अस्तव्यस्त नै स्वास्थ्य क्षेत्र देखियो। एकातिर सरकारी स्वास्थ्य सेवा अस्तव्यस्त देखियो भने अर्कोतिर माथिल्लो तहका पदाधिकारी र अधिकारी महामारीको बीचमा पनि स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रलाई प्रभावकारी बनाउनुको साटो मुनाफाकै चक्करमा फसेको यथार्थ छिपेको छैन। कोरोना महामारीको बेलामा पनि राज्य निःशुल्क परीक्षण तथा उपचारको दायित्वबाट भाग्न खोज्नुले पनि जनताको जीवनप्रतिको सरकारी जवाफदेहितालाई हल्का हलुको बनाएको थियो। जेहोस्, सर्वोच्चको पछिल्लो आदेशपछि सरकारले कोरोना उपचारको कोर्ष करेक्सन गरेको थियो। अहिले जुन तदारुकताका साथ स्थानीय तहहरुमा आधारभूत अस्पताल सञ्चालनको योजना अघि बढाएको छ, यो प्रशंसनीय छ।

अब स्थानीय तहहरुमा अस्पताल सञ्चालन हुने भएपछि यसको प्रभावकारितामा ध्यान दिनु जरुरी छ। अहिले सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुको अभ्यास हेर्ने हो भने पनि सेवाको प्रभावकारिता निकै कमजोर छ। अधिकांश स्वास्थ्य संस्थाहरुमा विज्ञ र प्राविधिक जनशक्तिको अभाव छ। त्यसो त उपकरणको पनि उत्तिकै अभाव छ। उपकरण भएका ठाउँमा जनशक्तिको अभाव हुँदा उपकरण नै सञ्चालनमा आउन सकेका छैनन्। सरकारी स्वास्थ्य संस्थाजति रेफरल सेन्टर बनिरहेको बेला नयाँ बन्ने अस्पतालहरुको सेवाप्रति विश्वस्त भइहाल्ने अवस्था त रहँदैन तर पनि जुन उत्साह र तदारुकताका साथ अस्पताल बनाउने महाअभियान थालिएको छ, यसले ठूलो आशा जगाएको छ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# सहकारी संस्थाहरुमा ब्याजदरको सवाल



कृष्णप्रसाद शर्मा

सहकारी ऐन, २०७४ बमोजिम सहकारी विभागले मिति २०७६/४/१७ मा सन्दर्भ ब्याजदर विन्दुगतरूपमा १६ प्रतिशतमा बढी नहुने गरी ब्याज लिन सहकारी संस्थाहरूलाई निर्देशन दियो । नेपाल राष्ट्र बैंकबाट जारी आव २०७७/७८ मौद्रिक नीति बुँदा १४० 'लघुवित्त वित्तीय संस्थाहरूले आफ्ना ग्राहकसँग लिने ब्याजदर अधिकतम १५ प्रतिशत कायम गरिनेछ । लघुवित्त वित्तीय संस्थामा आधार दर गणना विधि तय गरी ब्याजदर निर्धारणलाई थप व्यवस्थित बनाइनेछ ।' भन्ने उल्लेख गरियो । बैंकले संस्थाहरूले लिने ब्याजदरमा आधारदर गणना विधि तयार गरी १५ प्रतिशतभन्दा बढी लिन नपाइने व्यवस्थाको तयारी गर्दा सहकारीहरूलाई लघुवित्त संस्थाले लिने ब्याजदर भन्दा कम ब्याजदर तोकिनुपर्छ भन्ने आशयबाट सरोकारवाला निकायहरूसँग छलफल गरेर होला ? विभागले देहायबमोजिमको सूचना जारी गऱ्यो ।

'सहकारी ऐन, २०७४ दफा ५१ सन्दर्भ ब्याजदर निर्धारण समितिको सिफारिशमा सहकारी संस्थाको प्रयोजनका लागि मिति २०७७/०७/१५ गतेदेखि लागू हुने गरी सन्दर्भ ब्याजदरको सीमा तोकिएको छ । उक्त मितिदेखि सबै सहकारी संघ सस्थाहरूले आफ्ना सदस्यलाई ऋण प्रवाह गर्दा अधिकतम १४ दशमलव ७५ प्रतिशतमा नबढ्ने गरी बचत तथा ऋणको ब्याजदरको अन्तर ६ प्रतिशतभन्दा घटी कायम हुने गरी ब्याजदर लागू गर्ने व्यवस्था गर्नुहुन सूचित गरिन्छ । 'कार्यान्वयन नगरेको भेटिएमा सहकारी कानूनबमोजिम कारबाही गरिनेसमेत जानकारी गराइन्छ ।'

सहकारिताको स्वैच्छिक र खुला सदस्यता, लोकतान्त्रिक नियन्त्रण, आर्थिक सहभागिता, स्वायत्तता, शिक्षा, तालीम, सूचना, सदस्यहरूबीच सहयोग, समुदायको सरोकारलगायत विशिष्ट सिद्धान्तहरूको कारण समुदायमा सामाजिक सद्भाव र सहयोगको भावनाको अभिवृद्धि भएको हो । यही सिद्धान्तमा विश्वभर सहकारीहरू सञ्चालनमा छन् । ऐनबमोजिम निश्चित भूगोलमा बसोवास गर्ने व्यक्तिहरूले शेयर सदस्य भई कारोबार, रकम जम्मा र चाहिएको अवस्थामा ऋण सापटी लिने प्रणाली विकसित गरिएकाले प्रत्येक वर्ष साधारणसभाबाट नीति, कार्यविधिहरू पारित गरिने, तोकिएको अवधिमा सञ्चालक र अन्य समितिहरूको छनोट गरिने, पारित नीति, कार्यविधि र विनियमावलीको अधीनमा रही दैनिक कार्य एवं कारोबारहरू सम्पादन गरिने, शेयर सदस्यहरूले स्वनियमन गर्ने भएकाले बैंक तथा वित्तीय संस्थाहरूलाई जस्तै कठोर नियमन, सुपरिवेक्षण र अनुगमनको आवश्यकता सहकारीमा देखिँदैन ।

केही वर्ष अघिसम्म शेयर सदस्यहरूमा चेतनाको कमी र विश्वास बढी भएकाले सञ्चालक/महाप्रबन्धकहरूले जम्मा भएको रकम हिनामिना गरेको भए पनि वर्तमानमा त्यस्तो कमै पाइन्छ । ऐनको प्रभावकारी कार्यान्वयन, सहकारी शिक्षा, चेतना विकास, प्रभावकारी स्वनियमन, वित्तीय संस्थाहरू, अन्य संस्थानहरू र नेपाल सरकारबाट अवकाशप्राप्त व्यक्तिहरू समेतको सहकारीमा उपस्थित देखिएको यसो भएको मानिन्छ ।

नेपालमा बचत तथा ऋण, उत्पादन, सञ्चय, वितरण, भण्डारण, सेवा प्रवाहलगायत १६ प्रकारका सहकारी संस्थाहरू दर्ता भएका छन् भने १३ हजारभन्दा बढी बचत तथा ऋणको कारोबार गर्ने संस्थाहरू सञ्चालनमा रहेका छन् । यी संस्थामा ३४ लाख बढी शेयर सदस्य र ३५ हजार बढीले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

सहकारी ऐन, २०७४ दफा ५० (४) मा बचत र ऋणको ब्याजदरबीचको अन्तर ६ प्रतिशतभन्दा बढी हुने छैन भन्ने लेखिएको छ । दफा ५१ मा समितिको सिफारिशमा संस्थाको प्रयोजनका लागि सन्दर्भ ब्याजदर र दफा ४१ बमोजिम सीमा तोक्न सक्ने व्यवस्था रहेको छ । सिफारिश समितिमा विभागका रजिस्टार संयोजक, सदस्यहरूमा सम्बद्ध मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, महासंघका अध्यक्ष, राष्ट्रिय सहकारी बैंक, विषयगत संघका प्रतिनिधिहरू रहने व्यवस्था छ । समितिबाट तरलता, उद्योग व्यावसायको कारोबार, वित्तीय संस्थाहरूको ब्याजदर, कर्जा आपूर्ति र समग्र आर्थिक क्रियाकलापहरूलाई दृष्टिगत गर्दै सहकारी संस्थाहरूको मार्गदर्शक प्रयोजनका लागि सन्दर्भ ब्याजदर तोक्न सक्ने व्यवस्था गरिएको हुनुपर्छ । समितिमा सम्बद्ध क्षेत्रका विज्ञहरू रहे तापनि संस्थाहरूले संकलन गर्ने रकम, प्रदान गरिने ब्याजदर, संकलन गर्दा लाग्ने अतिरिक्त खर्च समेतलाई बेवास्ता गर्दै विन्दुगत रूपमा ब्याजदर तोक्ने प्रचलन सहकारी संस्था र शेयर सदस्यहरूको हितमा भएजस्तो देखिँदैन ।

बचत तथा ऋण सहकारी संस्थाहरूले कर्मचारीहरूलाई उचित तलब भत्ता, पोशाक, परिवहन, खाजा, सञ्चयकोष कट्टी, मोबाइल, झोला र छातासमेत सुविधा प्रदान गरी प्रत्येक घर र पसलबाट दैनिक रूपमा रकम संकलन गरी खातामा जम्मा, दैनिक ब्याज प्रदान एवम् सोही दिनमा बैंक दाखिला गर्ने गर्छन् । साना आयस्तर भएका सदस्यको रकम खर्च र चोरी हुने सम्भावना नहुने, दैनिक रूपमा ब्याज आम्दानी र आवश्यकतानुसार साँवा फिर्ता वा ऋण सापटी प्राप्त हुने भएकाले सहकारी व्यवस्था निम्न, मध्यम वर्गीयका लागि बरदान मानिन्छ । यसले आर्थिक क्रियाकलापको जग बसाउन, रोजगारी सृजना गर्न तथा राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउन कार्य गरिरहेका छन् ।

वित्तीय संस्थाहरूमा ग्राहकले धेरै रकम जम्मा गर्ने, ठूलो रकममा कर्जा लिने भएकाले साना व्यवसायीहरूलाई कर्जा लिन र रकमको ब्याज प्राप्त गर्न सहकारी संस्थाहरू उपयुक्त माध्यम हुन् । वित्तीय संस्थाहरूमा बचत खातामा औषत ब्याजदर ६ प्रतिशत भएमा सहकारीमा ९ देखि १० प्रतिशत र मुद्दती निक्षेपमा औसत १० प्रतिशत भएमा सहकारीमा १४ प्रतिशतसम्म सदस्यहरूले माग गरेको देखिन्छ । दैनिक रूपमा पसलबाट जम्मा गर्ने रकमको खर्चको योगफलको हिसाब गर्दा शेयर सदस्यलाई उपलब्ध गराइएको कर्जाको ब्याजदर कम देखिन्छ । यसको अर्थ संस्थाको सञ्चालक समितिले कुनै सुविधा नलिई कार्य गर्ने तथा खर्च कटौतीमा विशेष ध्यान पुऱ्याएकाले यस अवस्था आएको हो । बैंकबाट कर्जा लिन झन्झटिलो तथा सानो कर्जा प्रदान गर्न उत्साहित नहुँदा सहकारीबाट सरल, सहज रूपमा कर्जा विनियमावलीको अधीनमा रही उपलब्ध हुने तथा निक्षेप र कर्जाको ब्याजदरबीचको अन्तर ६ प्रतिशतभन्दा बढी हुन नहुने भएकाले सोको अधीनमा रही कारोबार गर्दा विभागबाट कर्जामा विन्दुगत ब्याजदर तोक्नुभन्दा सहकारीलाई प्रोत्साहन गर्नु उत्तम विकल्प हो । विन्दुगत ब्याजदर र ६ प्रतिशत अन्तरको दोहोरो मापदण्ड बैंक तथा वित्तीय संस्थाहरूमा समेत नभएकाले विन्दुगत ब्याजदर तोक्नुको कुनै तालमेल देखिँदैन ।

राज्यले अवलम्बन गरेको खुला बजार अर्थतन्त्र एवम् वस्तु, सेवाको मूल्य बजारबाट निर्धारण हुने विश्वव्यापी मान्यतालाई ग्रहण गर्दै विसं २०४६ सालको राजनीतिक परिवर्तनपछि बैंकले ब्याजदर निर्धारण गर्न बन्द गरेको छ । बैंक तथा वित्तीय संस्थाहरूको संख्यात्मक वृद्धिले बजारमा अस्वस्थ प्रतिस्पर्धा देखिएकाले विन्दुगतरूपमा ब्याजदर तोक्नुभन्दा निश्चित सीमाभित्र राख्न उपयुक्त देखिएकाले ब्याज गणना विधि आधारदर लागू गरियो । कोष लागत, अनिवार्य मौज्दात लागत, वैधानिक तर लता लागत र सञ्चालन लागतको योगफल आधारदर हो । आधारदर र प्रिमियम दरको योगफलबाट कर्जाको ब्याजदर कायम गरिन्छ । उल्लिखित योगफलमा सम्पूर्ण खर्चहरू समावेश भई प्रिमियम थप गर्दा वित्तीय संस्थाहरूलाई मुनाफा निश्चित भएकाले नयाँ मौद्रिक नीतिमा लघुवित्त संस्थाहरूको आधारदर गणना विधि तयार गरी १५ प्रतिशतसम्ममा कर्जा प्रवाह गर्दा मुनाफा निश्चित गर्न खोजिएको देखिन्छ । लघुवित्त संस्थाहरूलाई सस्तो ब्याजदरमा थोक कर्जा उपलब्ध गराउने संस्थाहरूका अतिरिक्त बैंक, वित्तीय संस्थाहरूले सस्तो ब्याजदरमा लघुवित्त संस्थाहरूलाई उपलब्ध गराउँछन् । संस्थाले कुल चुक्ता पूँजीको निश्चित रकम आफै निक्षेप स्वीकार गर्न सक्छन् । यी आधारमा ब्याजदर गणना विधि लागू गर्न उपयोगी भए पनि सहकारी संस्थाहरूले सस्तो ब्याजदरमा कर्जा पाउने अवस्था नभएको यो उपयुक्त देखिँदैन । शेयर सदस्यहरूको बीचबाटै निक्षेप संकलन गरी सापटी प्रदान गर्ने, चुक्ता पूँजीको निश्चित प्रतिशत साधारणसभाबाट पारित गरी लाभांशका रूपमा प्रदान गर्नुपर्ने हुँदा आधार दर कार्यान्वयनमा कठिन देखिन्छ । निक्षेप र कर्जाको ब्याजदर अन्तर ६ प्रतिशतभन्दा बढी नहुने गरी कार्यान्वयन र अनुगमन गर्दा उपयुक्त हुने देखिन्छ ।

# अस्वाभाविक थकाइको महसुस हुन्छ ? यस्तो हुन सक्छ कारण

तपाईं पहिलेपहिले निकै परिश्रमी बन्ने गर्नुहुन्थ्यो, तर हिजोआज धेरै अल्छी बन्ने गर्नुभएको छ ? आफैँलाई आफू अल्छी भएको महसुस हुने गर्छ ? यदि यस्तो हो भने यसको पछि केही जीवनशैलीगत कारण हुन सक्छ । अनियमित खानपान होस्, अभ्यास होस् या त सुत्ने उठ्ने समय आदिका कारण पनि यस्ता समस्याहरू सिर्जना हुने गर्छन् ।

हामीले कहिलेकाहीँ आफैँले आफैँलाई थकित महसुस गरेको हुन सक्छौं । त्यसको कारणको बारेमा गरिएको विभिन्न अन्तर्राष्ट्रिय अध्ययनहरूले अनियमित जीवनशैलीका कारण अनावश्यक थकाइको महसुस हुने गरेको उल्लेख गरेको छ । ब्रिटिस जर्नल अफ जनरल प्राक्टिस जस्ता जर्नलहरूमा कुनै काम नगर्दा पनि सधैं थकाइको महसुस भइरहने कारणको खोजी गरिएको छ ।

ती विभिन्न अध्ययनका अनुसार अमेरिकाका १५.३ प्रतिशत महिला र १०.१ प्रतिशत महिलाहरूले नियमित तनावको महसुस गर्छन् । थकानले मानसिक समस्या निम्त्याउँछ । तनाव पनि यही कारण भएको हुन सक्छ भन्ने मनोचिकित्सकहरूको मान्यता छ ।

कतिपय थकाइको कारण हामीलाई थाहा हुन्छ तर दिनभरि केही काम नगर्दा पनि थकाइको महसुस हुनुको कति कारण थाहा नहुने पनि हुन्छ । केही काम नगर्दा पनि थकानको महसुस गराउन निम्न कारणहरू जिम्मेवार हुन सक्छन् ।

### निद्राको अभाव

निद्राको अभावले तपाईंलाई थकानको महसुस गराउन सक्छ । एउटा सबैभन्दा स्पष्ट कारण यो हो । यो अनुमान गरिएको छ कि १८ देखि ६० वर्ष उमेर समूहका मान्छेलाई दैनिक ७ घण्टाको निद्रा अनिवार्य हुन्छ । एकाध घटनाक्रमबाहेक नियमित ७ घण्टाको शयन सबैको लागि अनिवार्य मानिन्छ । तर कामको चक्कर होस् या त अन्य व्यस्तताले पर्याप्त सुत्न नपाउँदा अस्वाभाविक रूपमा थकाइको महसुस हुन्छ । यसबाहेक मानसिक समस्याहरू तनाव, डिप्रेसन आदिका कारण पनि थकाइको महसुस हुने गर्छ ।

कति समय सुत्ने भन्नेसँग स्वास्थ्यको सम्बन्ध कसरी हुन्छ ? भन्ने जिज्ञासा पनि हुन सक्छ । पर्याप्त नसुत्नुसँग मान्छेको शारीरिक र मानसिक समस्याको प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ । मोटोपना, उच्च रक्तचाप, डिप्रेसन, हृदय रोग, स्ट्रोक र मृत्युको जोखिम समेत पर्याप्त निद्राको अभावमा देखिने समस्याहरू हुन् ।

अपौष्टिक खानेकुरा, कम निद्रालाई हटाएर स्वास्थ्य सुधार गर्न र तपाईंलाई चाहिने सबै पोषकहरू प्राप्त गर्नुले हामीमा देखिने अनावश्यक थकानको समस्या पनि समाधान हुन्छ ।

### अत्यधिक तनाव

जीवनमा धेरै चीजहरू हुन्छन्, जसले तनाव सिर्जना गर्न सक्छ । यो काम वित्तीय समस्याहरू, सम्बन्धमा देखिने समस्याहरू, जीवनका प्रमुख घटनाहरू वा गतिविधिका रूपमा बेरोजगारी, शोक, इत्यादिका कारण हुन सक्छ । अस्वाभाविक थकानको महसुस हुनुको पछि यी सबै कारणहरू समेत हुन सक्छन् ।

तनावका कारण तपाईं शरीरलाई लडाइँ वा झगडातर्फ समेत धकेल्न सक्नुहुन्छ । यदि तपाईंमा तनावको मात्रा बढ्दै गयो यसले समस्या शारीरिक एवं मानसिक समस्या सिर्जना गर्छ ।

### स्वास्थ्य अवस्था

विविध स्वास्थ्य अवस्थाहरू हुन्छन् जसले हामीलाई अस्वाभाविक रूपमा थकानको महसुस गराउन सक्छन् । आफ्नो जीवनशैलीमा माथिका सबै परिवर्तनहरू गर्नुभयो भने तपाईंमा नयाँ सुखको सञ्चार हुने गर्छ । थकाइको महसुस हुने पनि छुट्टै अवस्थाहरू हुन्छन् । जस्तो एनिमिया, थाइरोइड, मधुमेह, डिप्रेशन, मूत्रमार्गमा संक्रमण, खाना असहिष्णुता, हृदय रोग, गर्भावस्था, भिटामिन र खनिजको कमी आदि अवस्थामा पनि थकानको महसुस हुने गर्छ ।

# के हो अप्टिकल फाइबर ?

पछिल्लो समय फाइबर इन्टरनेट एकदमै लोकप्रिय छ। केही वर्ष अगाडिसम्म सीमित ब्रान्डब्यान्ड कनेक्सन मात्र फाइबर उत्कृष्ट थिए । अर्थात् वायरलेस, वाइम्याक्सको प्रयोग गरिन्थ्यो वा सामान्य इन्टरनेट केबल (तार) को माध्यमबाट प्रयोगकर्तासम्म इन्टरनेट पुऱ्याइन्थ्यो ।

तर, अहिले फाइबर इन्टरनेटको माग बढ्दै गइरहेको छ । यसको कारण हो इन्टरनेट स्पिडो अन्य माध्यमभन्दा फाइबर इन्टरनेटबाट धेरै स्पिडको इन्टरनेट हासिल गर्न सकिन्छ वा यसमा धेरै द्रुत गतिमा डाटा ट्रान्सफर हुन्छ । भलै एक सामान्य प्रयोगकर्ताका लागि फाइबर इन्टरनेट नयाँ हो । तर , इन्टरनेटको दुनियाँमा फाइबर धेरै वर्ष अगाडिदेखि नै प्रयोग हुँदै आइरहेको छ । सन् १९५० मा स्वास्थ्य क्षेत्रमा प्रयोग गर्न फाइबर केबलका लागि तयार गरिएको थियो ।

बिरामीको शरीरमा शल्यक्रिया नगरी फाइबर केबलको माध्यमबाट डाक्टरले शरीरभित्र हेर्नका लागि यसको प्रयोग हुने गरेको थियो । कुनै बेला बिरामीको उपचारमा प्रयोग हुने यो फाइबर केबलको अर्को पक्ष हेर्ने हो भने, विश्वमा अहिले जुन इन्टर नेटको जालो बनेको छ, त्यो जालो यही फाइबर केबलबिना सम्भव थिएन ।

अहिले फाइबर केलब विश्वभर एउटा माकुराको जालो जसरी फिँजिएको छ । र, यसैको माध्यमबाट तपाईं र हामीले इन्टरनेटको उपयोग गर्न पाइरहेका छौं । के तपाईलाई थाहा छ,अप्टिकल फाइबर टेक्नोलोजीले कसरी काम गर्छ ?

अब हामी तपाईलाई अप्टिकल फाइबरले कसरी काम गर्छ भन्ने जानकारी दिनेछौं । तर, त्यो भन्दा अगाडि अप्टिकल फाइबर भनेको के हो ? त्यसबारे बुझौं ।

फाइबर अप्टिक्सलाई हामी ट्रान्समिसनको माध्यमको रूपमा बुझ्न सक्छौं । वा यसलाई एकदमै द्रुत गतिमा प्रकाशको सहायता लिएर डाटा कुद्ने पाइपको रूपमा पनि बुझ्न सकिन्छ । फाइबर केबल कपाल जस्तै पातलो र लामो हुन्छ। बीचमा नचुटियोस् भनेर एकै स्थानमा धेरै वटा फाइबर अप्टिक्सलाई बाहिरी पत्रले बेरेर सुरक्षा दिइएको हुन्छ । फाइबर अप्टिक्सलाई हामी ट्रान्समिसनको माध्यमको रूपमा बुझ्न सक्छौं । वा यसलाई एकदमै द्रुत गतिमा प्रकाशको सहायता लिएर डाटा कुद्ने पाइपको रूपमा पनि बुझ्न सकिन्छ। फाइबर केबल कपाल जस्तै पातलो र लामो हुन्छ । बीचमा नचुटियोस् भनेर एकै स्थानमा धेरै वटा फाइबर अप्टिक्सलाई बाहिरी पत्रले बेरेर सुरक्षा दिइएको हुन्छ ।

र, बन्डेलमा राखिएको यस्तो तारलाई अप्टिकल केबल भनिन्छ । लामो दूरिसम्म पनि प्रकाशको सहायता लिएर एकदमै छिटो डाटा पुऱ्याउनु फाइबर अप्टिक्सको प्रमुख विशेषता हो ।

प्रकाशको गति एकदमै छिटो हुने भएकाले यसलाई डाटा ट्रान्समिसनको माध्यम बनाइएको हुन्छ । फाइबर अप्टिक्सलाई ध्यान दिएर हेर्ने हो भने कपालभन्दा सानो पाइप भित्र प्वाल देख्न सकिन्छ ।

# जाडोमा नाकमा तेल हाल्नु फाइदाजनक हुनसक्छ



नाक बन्द हुँदा होस् या चिसोका कारण हुने रूघाखोकी लाग्दा नै किन नहोस् । नाकमा तेल हाल्न नै बुढाबुढीहरूले सल्लाह दिन्छन् । उनीहरूको सल्लाहलाई कतिपयले वास्ता नगर्ने समेत गर्छन् । तर यो आफैँमा प्रभावकारी र उपयोगी सल्लाह हो ।

विभिन्न चिकित्सकीय अध्ययनले पनि नाकमा तेल राख्नुको फाइदाहरूको बारेमा उल्लेख गर्ने गरेका छन् । यसको प्रयोगले तपाईंको नाकमा देखिने समस्यालाई मात्रै कम गरिँदैन । यसले शारीरिक समस्या समाधानमा पनि काम गर्ने गर्छ । चिकित्सकहरूका अनुसार नाकमा तेल राख्दा मौसमी रोगहरूबाट निको हुन सकिन्छ । नाकमा तेल राख्दा संक्रमणको जोखिम कम गर्न पनि सकिन्छ । यसले तपाईंलाई घाँटी र फोक्सोको संक्रमण कम गर्न मद्दत गर्छ ।

### नाकमा सर्स्युँको तेल राख्नुका फाइदाहरु

सर्स्युँको तेल प्रायः घरहरूमा प्रयोग गरिन्छ । सर्स्युँको तेलबाट धेरै आयुर्वेदिक औषधिहरू बनाउने गरिन्छ । सर्स्युँको तेल हाम्रो स्वादका साथै स्वास्थ्यको लागि पनि धेरै उपयुक्त मानिन्छ । धेरैको नाक अवरुद्ध हुँदा नाकमा सर्स्युँको तेल राख्न सल्लाह दिन्छन् । यस्तो तेलमा धेरै एन्टिब्याक्टेरिया, एन्टिफंगल र एन्टिन्फ्लेमेटरी गुणहरू हुन्छन् । सर्स्युँको तेल नाकमा राख्दा तपाईंलाई धेरै फाइदा हुन्छ । यसमा उपस्थित एन्टिइन्फ्लेमेटरी गुणहरूले तपाईंलाई जलनको समस्याबाट राहत दिन मद्दत गर्छ ।

मौसमी स्वास्थ्य समस्याहरू जस्तै, चिसो, खोकी, हाच्छयुँ, श्वासप्रश्वासमा समस्या आदि कारणलाई कम गर्न पनि सर्स्युँको तेलले सहयोग पुऱ्याउँछन् । दिनको तीनचोटि नाकमा सर्स्युँको तेलको केही थोपा पानी राख्नुले तपाईंको समस्या समाधान गर्दछ । यो मात्र होइन, यसले सुख्खा र नाक चिलाउने समस्यालाई समेत समाधान गर्नेगर्छ ।

### नाकमा बदामको तेल राख्नुका फाइदा

बदाम मात्र होइन, बदामको तेल पनि हाम्रो शरीर र स्वास्थ्यको लागि लाभदायक मानिन्छ । छालाको संक्रमणको समाधानको लागि पनि यो प्रभावकारी रहेको बताइन्छ । बदामको तेलले छालाको जलन र चिलाउने समस्यालाई राहत प्रदान गर्छ । तपाईंको नाकमा बदामको तेल राख्दा तपाईंलाई थुप्रै फाइदा हुन्छ । विज्ञहरू विश्वास गर्छन् कि रातको समयमा नियमित रूपमा निदाउनेबेला बदामको तेल नाकमा राख्दा कपाल झर्ने समस्याबाट छुटकारा पाउन सकिन्छ । यति मात्र होइन, नाकमा बदामको तेल लगाउँदा तपाईंको स्मरणशक्तिमा सुधार हुन्छ र टाउको दुख्ने समस्याबाट पनि राहत मिल्छ ।

### नाकमा गाईको घिउ राख्दाका फाइदाहरू

गाईको घिउको आयुर्वेदमा विशेष महत्व रहेको छ । चिसोको मौसम भएका बच्चाहरूलाई गाईको घिउ खुवाउन सल्लाह दिने गरिन्छ । यदि तपाईंले आफ्नो नाकमा नियमित रूपमा गाईको घिउ राख्नु भयो भने संक्रमणको जोखिमबाट बच्न सकिन्छ भन्ने मान्यता छ । आयुर्वेद विज्ञहरू गाईको घिउ नाकमा राख्दा रोग प्रतिरोध क्षमताको विकास हुन्छ भन्ने मान्यता राख्छन् । साथै, यो विज्ञान र अन्य नाकसम्बन्धी समस्याहरूमा बच्न सकिन्छ ।

### नाकमा नरिवलको तेल राख्नुका फाइदा

अधिकांश मानिसहरूले जाडोमा आफ्नो छाला नरम राख्न नरिवलको तेल प्रयोग गर्छन् । तपाईंको शरीरमा नरिवलको तेल प्रयोग गर्नाले तपाईंको छाला फट्न सक्छ । यो पनि धेरै कोमल हुन्छ । नाकमा नरिवल तेल राख्दा धेरै फाइदा हुने गर्छ ।

परिवर्तित मौसममा नाकमा चिसो लाग्ने सम्भावना हुन्छ । यदि तपाईंले केही थोपा नरिवलको तेल नाकमा राख्नुभयो भने यसले बन्द नाक खोल्न मद्दत गर्छ ।

### नाकमा तिलको तेल हाल्नुको फाइदा

तिलको तेलमा धेरै औषधीय गुणहरू हुन्छन् । तिलको तेल आयुर्वेदमा लामो समयदेखि प्रयोग हुँदै आएको औषधि हो । योसँग जीवाणुरोधी गुणहरू हुन्छ, जसले तपाईंलाई छालामा समस्या समाधान गर्न मद्दत गर्छ । यसले छालामा देखिएको समस्या समाधान पनि हुन्छ ।

नाकमा तिलको तेल प्रयोग गर्नाले कपाल झर्ने र सुख्खा हुने समस्या कम हुन्छ । दाँतमा तिलको तेल हाल्दा दाँत दुख्ने समस्या समाधान हुन्छ ।



# टोल-टोलमै पुगेर अपांगता परिचयपत्र वितरण



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले हेटौंडाका टोलटोलमै पुगेर अपाङ्गता परिचयपत्र वितरण गरेको छ । हेटौंडा ८ का टोलटोलमा पुगेर अपाङ्गता परिचयपत्र वितरण गरिएको हो । उपमहानगर पालिकाले परिचयपत्र वितरण गर्नका लागि घुम्ती शिविरको आयोजना गरेर वितरण गरेपछी अपाङ्गता भएकाहरू खुसी समेत भएका छन् ।

शिविरमा समेत आउन नसक्नेहरूलाई घरमै गएर परिचयपत्र वितरण गरिएको थियो । घरमै परिचयपत्र पाएपछी उनीहरू खुसी समेत भएका छन् । हेटौंडा ८ मा मात्र ४४ जना अपाङ्गता भएकाहरूलाई टोलमै पुगेर परिचयपत्र वितरण गरिएको हो । हेटौंडा उपमहानगरपालिकाका उपमेयर मिना कुमारी लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा हेटौंडा ८ का वडा अध्यक्ष गोपाल श्रेष्ठ, उपमहानगर पालिकाका प्रमुख महिला विकास अधिकृत विष्णु कुमारी लामिछाने लगायतकाले शिविरमा अपाङ्ग परिचयपत्र वितरण गरेका थिए ।

# कैलाशमा पक्की पुलको शिलान्यास

◆ विकास संवाददाता

मकवानपुरको विकट कैलाशमा पक्की पुलको शिलान्यास गरिएको छ । मकवानपुर क्षेत्र नम्बर २ का सांसद विरोध खतिवडाले कैलाश गाउँपालिका वडा नम्बर ३ र ७ जोड्ने कालिकोखामा पुलको शिलान्यास गर्नुभयो । कुल ३ करोड ५५ लाख रूपैयाँमा पुल निर्माण गर्न लागिएको हो ।

संघीय सरकार प्रदेश सरकारको सह लगानीमा निर्माण लागिएको छ । बषौदेखि पुल नहुँदा खोला ओहोर दोहोर गर्नका लागि समस्या बेहोर्दै आएका यस क्षेत्रका वासिन्दाहरूलाई अब भने सजिलो हुने भएको छ । पक्की पुल निर्मा्ा हुने भएपछी स्थानीयहरू खुसी भएका छन् । कार्यक्रममा बोल्दै सांसद खतिवडाले गाँजा खेती गर्न बाटो खुलाउँनै लागेको वताउँदै भन्नुभयो-'अहिले सम्म गाँजा खेती गर्न पाइदैन । यो प्रतिवन्धीत छ । अब यसका लागि बाटो खुलाउँदै छौं ।'

अब गाँजा खेती गर्न पाउनेगरी कानूनी बाटो खुलाउन सबै लाग्नुपर्ने उनले बताए । यसैगरी सांसद खतिवडाले यस विकट क्षेत्रको बिधुतीकरणमा आफु लागिपरेको बताए । राजनीतिमा माथीका



नेताहरूको कुरा सुन्ने भन्दा यहाँ भएकाहरूले निर्धक्क भएर काम गर्न निर्देशन दिए । यो पुल निर्माण भएपछी कैलाश गाउँपालिका सहित चार वटा स्थानीय तहमा बसोवास गर्नेहरूलाई सहज हुने भएको छ ।

शिलान्यास कार्यक्रममा बागमती प्रदेश सभा सदस्य ओम बहादुर ग्लान, कैलाश गाउँपालिकाका अध्यक्ष टंक मोक्तान, नेपाल कम्युनिष्ट पाटी (नेकपा) मकवानपुरका जिल्ला कमिटी सचिवालय सदस्य बालकुमार मल्ल, सदस्य नरेन्द्रलाल रिजाल, विभिन्न दलका स्थानीय नेताहरू, गाउपालिकाका जनप्रतिनीधिहरू तथा समाजसेवीहरूको उपस्थिति रहेको थियो ।

# मकवानपुर प्रशासनले विपद् प्रतिकार्य योजना तयार गर्यो




◆ विकास संवाददाता

जिल्ला प्रशासन कार्यालय मकवानपुरले विपद् प्रतिकार्य योजना तयार गरेको छ । जिल्लामा हुनसक्ने सम्भावित विपद् सम्बन्धी घटनाको पूर्वअनुमान गरी सोको बचावट र रोकथामको कार्य गर्ने गरी विपद् प्रतिकार्य योजना तयार गरिएको प्रमुख जिल्ला अधिकारी गोविन्द रिजालले जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालयले तयार गरेको सो योजनालाई जिल्ला विपद् व्यवस्थापन समितिले कार्यान्वयन गर्ने भएको छ । जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले सबै सरोकारवालाहरूको सहकार्यमा प्रतिकार्य योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न योजना अघि बढाएको हो । मकवानपुरमा विपद् प्रतिकार्यमा गैरसरकारी संस्थाका तर्फबाट भूमिका निर्वाह गर्ने जिम्मेवारी नेपाल रेडक्रस सोसाइटीले पाएको छ । जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले यसअघि प्लान इन्टरनेसनलले निर्वाह गर्दै आएको भूमिका रेडक्रसलाई प्रदान गरेको हो । मकवानपुर जिल्लाबाट प्लान इन्टरनेसनल बाहिरिने हुनाले उक्त जिम्मेवारी रेडक्रसलाई प्रदान गरिएको हो । प्लान इन्टरलेसनलले मकवानपुरमा रहँदा गैरसरकारी संस्थाका तर्फबाट विपद्मा उद्दारलगायत विभिन्न सहयोग गर्दै आएको थियो । लामो समय मकवानपुरमा काम गरेको प्लान इन्टर नेसनल यसै वर्षदेखि मकवानपुरबाट बाहिरिँदै छ ।

यस्तै बैठकले जिल्लाका विभिन्न स्थानमा खोलाले बगाएर मृत्यु भएकाका परिवारलाई राहत रकम उपलब्ध गराउने निर्णय गरेको छ । गत असोज १२ गतेयता खोलाले बगाएर मृत्यु भएका छ जनाका परिवारलाई राहत रकम उपलब्ध गराउने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी रिजालले जानकारी दिए ।

# ४ सय २५ परिवारलाई कम्बल वितरण



◆ विकास संवाददाता

बागमती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठले मकवानपुरको विकट कैलाश गाउँपालिकाका ४ सय २५ परिवारलाई कम्बल वितरण गरेका छन् । बुधबार एक कार्यक्रमका अवसर मा उहाँले कैलाश गाउँपालिका वडा नम्बर ३, ४, ९ र १० का ४ सय २५ परिवारलाई कम्बल वितरण गरेका हुन् ।

समाजिक संस्था बाल विकास कार्यक्रम नेपालको आयोजना एवम् केएफएचआइ नामक संस्थाको सहयोगमा कार्यक्रमका प्रमुख अतिथि श्रेष्ठले उक्त क्षेत्रका नागरिकलाई कम्बल वितरण गर्नुभएको हो । कम्बल वितरण गर्नुहुँदै सभामुख श्रेष्ठले नागरिकलाई चसोबाट जोगाउने दायित्व सबैको भएको बताए । वृद्धवृद्धा, असहाय र गरिबलाई चिसोबाट जोगाउन प्रति परिवार एउटाको दरले ४ सय २५ परिवारलाई कम्बल वितरण गरिएको छ ।

चिसो मौसम सुरू भएको र उक्त क्षेत्रमा अत्याधिक चिसो हुने भएकाले संस्थाले आफ्नो कार्यक्षेत्रका नागरिकलाई चिसोबाट जोगाउने उदेश्यका साथ कम्बल वितरण गरेको हो । आर्थिक अवस्था कमजोर भई न्यानो ओढ्ने, ओछ्याउने नभई समस्या उत्पन्न हुनसक्ने अवस्थालाई ध्यानमा राखेर कम्बल वितरण गरिएको बाल विकास कार्यक्रम नेपालका संयोजक रामलाल स्याङवोले बताए । संस्थाले गाउँपालिकाको ३, ४, ९, १० वडालाई कार्यक्षेत्र बनाएर काम गर्दै आएको छ ।

बाल विकास कार्यक्रम नेपालका संयोजक स्याङवोको सभाअध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सभा सदस्य ओम बहादुर घलान, कैलाश गाउँपालिका अध्यक्ष टंक मोक्तान, उपाध्यक्ष सुकुमाया थिङ्, जिल्ला समन्वय समिति मकवानपुरका सदस्य बुद्धि बहादुर मुक्तान, नेकपा मकवानपुरका नेता एकलाल श्रेष्ठ, सहयोगि संस्था केएफएचआइ का नेपाल डाइरेक्टर जेम्स पार्क, आयोजक संस्थाका जनक रिजाललगायत सम्बन्धीत वडाका वडाअध्यक्षहरूको उपस्थिती थियो ।

पलपलको खबरका लागि : thahatimes.com

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# चित्लाङमा मदन भण्डारी विश्वविद्यालयको शिलान्यास



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ९ चित्लाङमा मदन भण्डारी बिज्ञान तथा प्रविधि विश्वविद्यालयको शिलान्यास गरिएको छ। विश्वविद्यालयको थाहा नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष परशुराम श्रेष्ठले एक समारोहकाबीच शिलान्यास गरेका हुन् ।

प्राध्यापक डाक्टर संजयनाथ खनालको सभाध्यक्षतामा भएको विश्वविद्यालय शिलान्यास कार्यक्रममा स्वच्छन्द भैरव मावि व्यवस्थापन समितिका अध्यक्ष संजय बलामी, वडा नम्बर ९ का वडा सदस्यहरू शारदा लामिछाने, रामकृष्ण कपाली, द्वारिका बलामी तथा कल्पना वि.क.को आतिथ्यता रहेको थियो। शिलान्यास कार्यक्रममा स्वच्छन्द भैरव माविका सहायक प्रधानाध्यापक जंग बहादुर लामा, नेकपा वडा कमिटि अध्यक्ष हरिशरण नेपाल, काँग्रेस वडा सभापति सुरेश लामिछाने, स्थानीय समाजसेवी बुद्धरत्न मानन्धर, लक्ष्मण रेग्मी, अशोकसिं ठकुरी लगायतका विभिन्न संघसंस्थाका व्यक्तिहरूको उपस्थिती रहेको थियो ।

विश्व विद्यालय निर्माणका लागि चालु आर्थिक वर्षका लागि सरकारले १ अर्ब २० करोड रूपैयाँ विनियोजन गरेको छ । मकवानपुरको चित्लाङ र काभ्रेमा गरी मदनभण्डारी प्राविधिक विश्व विद्यालयका संरचना निर्माण गर्ने सर कारको तयारी छ । विश्वविद्यालयका विभिन्न चरणमा गरी कूल ४३ अर्ब लागत लाग्ने अनुमान छ । त्यसका लागि आवश्यक पर्ने पूर्वाधार निर्(माण गर्न चीनले सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । सो विश्वविद्यालयमा चार हजारसम्म विद्यार्थी रहने छन् । विधेयक लागू भएपछि आगामी वर्षदेखि विद्यालय सञ्चलनमा आउनेछ ।

मुलुकका लागि आवश्यक पर्ने सक्षम, उच्च प्राविधिक तथा अन्य विधाका आदर्शवान् जनशक्ति, वैज्ञानिक तथा विचारकहरूको उत्पादन तथा नयाँ ज्ञान र प्रविधि सिर्जना गर्ने उद्देश्यले सो विश्वविद्यालय खुल्न लागेको हो । यसका अतिरिक्त मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय पनि खोल्ने सरकारको नीति छ ।

सरकारले सो विश्वविद्यालय स्थापनासम्बन्धी विधेयकलाई यसअघिको संघीय संसद्को अधिवेशनमा पेश गरिसकेको छ । विश्वविद्यालय मकवानपुरको थाहा नगरपालिकास्थित चित्लाङमा रहने विधेयकमा उल्लेख छ । हाल सो स्थलमा ७ सय ४० रोगनी जग्गा पहिचान भई प्राप्तिको क्रम शुरू भएको छ ।

विश्वविद्यालय विज्ञान तथा प्रविधि, मानविकी तथा सामाजिक शास्त्र, व्यस्थापन, कानून र न्यायलगायतका विषय र क्षेत्रमा केन्द्रित हुनेछ । विधेयकमा अन्य विश्वविद्यालयको भन्दा पृथकरूपमा सञ्चालनका लागि संरक्षक समिति गठनको प्रबन्ध गरिएको छ । त्यसको मातहतमा कार्यकारी परिषद् हुनेछ । कार्यकारी प्रमुखको हैसियतमा विश्वविद्यालयमा एक अध्यक्ष हुनेछन् । यो विश्वविद्यालयमा कुलपति र उपकुलपति नहुने व्यवस्था छ ।

# उपभोक्ता हित संरक्षण मञ्चमा गोपालीको नेतृत्व



◆ विकास संवाददाता

उपभोक्ता हित संरक्षण मञ्च थाहानगर समितिको अध्यक्षमा शकुन्तला गोपाली चयन भएकी छिन् ।

उपभोक्ता हित संरक्षण मञ्च मकवानपुर जिल्ला उपाध्यक्ष शान्ति सुवेदीको प्रमुख आतिथ्यमा मञ्चको थाहानगरमा कार्यसमिति गठन भएको हो । नव गठित समितिको उपाध्यक्षमा दिनेश वल, सचिव ईच्छापुर्ण कार्की कोषाध्यक्ष उर्मिला गोपाली र सदस्यहरूमा हरि मगर, सुमन विष्ट र नारायण लामा चयन भएका छन् ।

थाहानगरमा उपभोक्ताहरूको हितमा काम गर्न मञ्चको नगरस्तरिय संयत्र निर्माण गरिएको मञ्चकी मकवानपुर जिल्ला उपाध्यक्ष शान्ति प्रिय बन्दनाले बताइन् ।

नव गठित समितिकी अध्यक्ष शकुन्तला गोपालीले कार्य समिति आवश्यक्ता अनुसार विस्तार गरिने र उपभोक्ताहरूको हितमा काम गर्न मञ्च क्रियाशिल हुने प्रतिक्रिया दिइन् ।

# थाहानगरका कार्कीद्वारा खाजा बैंकलाई ५० हजार सहयोग



मकवानपुरको थाहानगरलाई काठमाण्डौंसंग जोड्ने छोटो मार्ग निर्माणका लागि संचालन भैरहेको खाजा बैंकमा ५० हजार रूपियाँ सहयोग भएको छ । २८ मंसिरमा थाहा नगरपालिका वडा नम्बर २ का निर्माण व्यवशायी माधव कार्कीले उक्त सहयोग गरेका हुन् ।

निर्माण कम्पनीले चित्लाङ–थानकोट सडक समयमै सडक निर्माण सम्पन्न नगरेपछि २ महिना भन्दा अघिदेखि स्थानीय सरकोकार समितिले आवश्यक सहजीकरणमा निर्माण कार्य भैरहेको छ । सरकोकार समितिले निर्माण स्थलमा खटिने मजदुरहरूलाई दैनिक खाजा खुवाउन तथा खाजा बैंक अभियान संचालन गरिरहेको स्थानीय बुद्धरत्न मानन्धरले जानकारी दिए ।

सहयोग पाएपछि मानन्धरले फेसबुकमा लेखेका छन्–'थाहा न पा २ पालुङका निर्माण व्यवशायी माधव कार्की (मेरो पुर्व विद्यार्थी) ले सेतोपहरा खण्डको सडक अवलोकन पश्चात् सहर्ष सडक निर्माण खाजा समितिको लागि रू.५० हजार प्रदान गरि भविष्यमा आवश्यक सहयोग प्रदान गर्दै जाने कुराले हामीलाइ भरोसा थपिएको छा'

# पालुङ क्याम्पसको नीति तथा कार्यक्रम र बजेट पारित



◆ कुमार नेगी

मकवानपुरको थाहा नगरपालिकामा पब्लिक क्याम्पसको रूपमा रहेको एक मात्र पालुङ बहुमुखी क्याम्पसले आगामी वर्षहरूमा थप शैक्षिक गुणस्तरमा केन्द्रित रही कार्य गर्ने भएको छ । क्याम्पसको चौंथो परिषद् सभाले क्याम्पस व्यवस्थापनद्वारा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम र बजेट पारित गर्दै योजनावद्ध ढंगले अघि बढ्ने निर्णय गरेको हो ।

सभाले क्याम्पस प्रशासन, शैक्षिक प्रशासन, आन्तरिक परीक्षा प्रणाली, वित्तीय प्रशासन, भौतिक पूर्वाधार विकास लगायतका क्षेत्रमा सुधारका योजनाहरू पारित गरेको छ । क्याम्पस प्रमुख रामहरि अधिकारीका अनुसार प्रशासन सुधारअन्तर्गत किटानीसाथ कक्षा व्यवस्थापन गर्ने, प्राध्यापकलाई प्राध्यापन भार यथासम्भव कम गर्ने, प्राध्यापकलाई यथासम्भव स्तरोन्नति गर्ने, आवश्यक्ता अनुसार आंशिक प्राध्यापक थप गर्ने, छात्रवृत्ति अभियानलाई निरन्तरता दिने र क्यालेण्डर नै निर्माण गरेर कार्य गर्ने योजना अघि सारिएको छ । त्यस्तै, शैक्षिक सुधारअन्तर्गत प्राध्यापकलाई राष्ट्रिय मापदण्डअनुरूप पिरियड प्रदान गर्ने, विश्वविद्यालयले तर्जुमा गरेको विधिअनुरूप प्राध्यापन गर्ने, प्रविधिमैत्री प्राध्यापन गर्ने/गराउने जस्ता योजनाहरू सभाले पारित गरेको छ । त्यसैगरी विद्यार्थी, कर्मचारी, अभिभावक, प्राध्यापक संघ, स्वतन्त्र विद्यार्थी यूनियन लगायत सरोकारी पक्षलाई थप सशक्त बनाउन गरी योजना बनाइएको छ ।

क्याम्पसको चौंथो परिषद सभामा क्याम्पस संचालक समितिका अध्यक्ष विष्णु विष्टले वार्षिक नीति तथा कार्यक्रम–२०७७ प्रस्तुत गरेका थिए । सभाले पारित गरेको वार्षिक नीति तथा कार्यक्रममा क्याम्पसमा अध्ययन गर्न यातायात सुलभ नभएका कारणले विद्यार्थीहरूले चाहेर पनि अध्ययन गर्न असमर्थ भएको भन्दै बसको व्यवस्थापनसमेत गर्ने उल्लेख गरिएको छ ।

क्याम्पसको आर्थिक सवलीकरणका लागि विद्यार्थी संख्या बढाउनुका साथै थाहा नगरपालिकासँग शैक्षिक अनुदान बढाउने, प्रदेश सरकारबाट नियमित खर्च संचालन अनुदान प्राप्त गर्ने परिस्थितिको लागि लविङ गर्ने, विश्वविद्यालय अनुदान आयोगबाट नियमित खर्च संचालन अनुदान अधिकमात्रामा प्राप्त गर्ने परिस्थिति निर्माण गर्ने, अनुदान प्राप्त गर्ने विभिन्न संघसंस्था र व्यक्तिसँग पहुँच पुर्‍याउने, मितव्ययी किसिमले खर्च गर्ने नीति तथा कार्यक्रम पारित गरिएको छ ।

त्यस्तै दानदातव्य प्राप्त गर्न उच्च पहल गर्ने र क्याम्पसको जग्गालाई कमाउन वा लिजमा दिएर रकम आर्जन गर्नेसमेत योजना बनाइएको क्याम्पस संचालक समितिका सदस्यसचिब समेत रहनुभएका क्याम्पस प्रमुख अधिकारीले जानकारी दिए ।

हाल क्याम्पसको ६५ लाखको अक्षयकोष रकमलाई स्थानीय सरकार, व्यक्ति एवम् अन्य दातव्य संस्थासँग पहल गरेर तीन करोड रूपियाँको बनाउने योजना सभाले पारित गरेको छ । भौतिकतर्फ क्याम्पसले अल्पकालन र दीर्घकालन गरी दुई प्रकारका योजनाहरू अघि सारेको छ । अल्पकालीन योजनाअन्तर्गत् शिलास्तम्भ निर्माण, घेराबार, ३ वटा कोठा मर्मत, चउर व्यवस्थापन लगायत रहेका छन् भने दीर्घकालन योजना अन्तर्गत ४ कोठाको कार्यालय भएको भवनमा ४ कोठा थप, ६ कोठाको भवनमाथि ६ कोठाकै भवन थप, ९ कोठे जीर्ण भवन विस्थापन, छात्राबास निर्माण, सभाहल निर्माण, व्यवसायिक भवन निर्माण लगायतका योजना अघि सारिएका छन् । यस्ता पूर्वाधारहरू निर्माणका लागि क्याम्पसले विभिन्न निकायसँग सहयोगका लागि आग्रह गरिने क्याम्पस संचालक समिति अध्यक्ष विष्टले बताए । क्याम्पसको चौंथो परिषद सभाले क्याम्पसको विधानमा केही संशोधन गर्ने प्रस्तावसमेत पारित गरेको छ ।

वि.सं. २०६० सालमा स्थापित पालुङ बहुमुखी क्याम्पसले १८ औं वार्षिकोत्सव तथा चौंथो परिषद सभा एक साथ सम्पन्न गरेको हो । थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टको प्रमुख आतिथ्यतामा सम्पन्न सभामा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) थाहानगर कमिटी अध्यक्ष अरूण रायमाझी, जिल्ला कमिटि सचिवालय सदस्य विष्णुप्रसाद ढकाल, थाहा नगरपालिका ३ नम्बर वडा अध्यक्ष र ाजेश केसी, ४ नम्बर वडा अध्यक्ष दिपकसिं लामा लगायतको सहभागिता रहेको थियो ।

सभाले क्याम्पस अध्यक्ष विष्णुबहादुर विष्टले प्रस्तुत गर्नुभएको वार्षिक नीति तथा कार्यक्रम–२०७७, क्याम्पस प्रमुख रामहरी अधिकारीले प्रस्तुत गरेको शैक्षिक सत्र २०७६/०७७ को वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष विमलकुमार ढकालले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन पारित गरेको छ । सभामा क्याम्पस संचालक समितिका कोषाध्यक्ष ढकालले आर्थिक वर्ष २०७७।०७८ का लागि २ करोड १२ लाख बराबरको बजेट प्रस्तुत गरेका हुन् ।

सो अवसरमा क्याम्पसलाई सहयोग गर्ने संस्था तथा व्यक्तिहरूलाई सम्मान गर्नुका साथै क्याम्पसमा अध्ययनरत ५२ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएको थियो ।

# क्रसर उद्योगीलाई जरिवाना तिराउने पालिकाको निर्णय

◆ विकास संवाददाता

मनहरी गाउँपालिकाले नदीजन्य पदार्थ (ग्रबेल) स्टक प्रमाणित भएको भन्दा बढी परिमाणमा थुपारिएको भन्दै क्रसर उद्योगीलाई जरिवाना तिराउने निर्णय गरेको छ ।

गाउँपालिका भित्रका डेढ दर्जन क्रसर उद्योग तथा बालुवा प्रशोधन उद्योगहरूलाई जरिबाना गर्दै राजश्व असुली गर्ने निर्णय गाउँपालिकाको कार्यपालिका बैठकले गरेको छ । बुधवार भएको बैठकले जिल्ला समन्वय समिति मकवानपुर को निर्देशनअनुसार राजश्व संकलन गर्ने निर्णय गरेको हो । प्रति घनमिटर ६७.५० रूपैयाँका दरले राजश्व संकलन हुने गरेकोले सोही रकम बराबरको जरि बाना तिर्न व्यवसायीहरू पनि सहमत भएपछि जरिबाना गर्ने निर्णय गरि एको गाउँपालिका अध्यक्ष एकराज उप्रेतीले जानकारी दिए । कूल १ लाख ८२ हजार घनमिटर ग्रेबलबापतको जरिबाना १ करोड २४ लाख ७ हजार ४ सय रूपियाँ हुन आउँछ । साथै उक्त परिमाणको प्रशोधनपछि निकासी हुँदा निकासी कर पनि थपिनेछ ।

यसैगरी बैठकले मनहरी अस्पतालको डीपीआर तयार गरी एक महिनाभित्र ठेक्का प्रक्रिया थाल्ने निर्णय गरेको छ । त्यसैगरी जग्गा नापी गरी लालपुर्जा बितरणका लागि भूमि सम्बन्धी समस्या समाधान आयोगले पठाएको कार्यविधि अनुसार तत्कालै पालिका तह र वडा तहमा आयोग गठन गरी प्रक्रिया अघि बढाउने र गाउँपालिकामा कर्मचारीको बन्दोबस्त भूमि सम्बन्धी डेस्क संचालन गर्ने निर्णय गरेको अध्यक्ष उप्रेतीले जानकारी दिए ।

# स्थानीय र प्रदेश सरकारसंग राष्ट्रिय योजना आयोगले 'योजना' माग्यो

◆ विकास संवाददाता

राष्ट्रिय योजना आयोगले संघीय समपुरक र विशेष अनुदानबाट संचालन हुने आयोजनाको प्रस्ताव पेश गर्न प्रदेश र स्थानीय तहलाई पत्राचार गरेको छ । आयोगले आगामी पुस मसान्तभित्र प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र पालिकाको हकमा सम्बन्धित पालिकामार्फत प्रस्ताव पठाउन भनेको हो ।

आयोगले ३० मंसिरमा सूचना जारी गर्दै आयोजना प्रस्तावसम्बन्धि सर्तको अधिनमा रहेर यस्तो आयोजनाको प्रस्ताव पेश गर्न भनेको हो । आयोगले आर्थिक वर्ष २०७८/०७९ मा संचालन गरिने आयोजनाको विवरण मागेको हो । अब प्रदेश र स्थानीय तहले यी दुई अनुदानबाट संचालन हुने आयोजनाको विवरण पेश गरेपछि आयोगले योजना छनौटगरेपछि प्रकृया अघि वढ्ने छ । संघीय सरकारले न्यून साक्षरता भएका क्षेत्रको शैक्षिक विकास, बाल र मातृ मृत्युदर बढी भएका क्षेत्रमा यसको नियन्त्रण र रोकथाम, दुर्गम र पछाडिपरेका क्षेत्रका लागि खानेपानी आयोजनालगायतमा विशेष अनुदान दिने गरेको छ ।

## २० अर्बका योजना

संघीय सरकारले सरकारले चालु आर्थिक वर्षका लागि स्थानीय र प्रदेशका लागि ९ अर्ब ९६ करोड समपुरक अनुदान र ९ अर्ब ९७ करोड विशेष अनुदानका लागि छुट्याएको छ । सरकारले अघिल्लो आर्थिक वर्ष २०७६र७७ मा करीव २५ अर्ब रूपैयाँ लागतका समपुरक अनुदानका कार्यक्रम स्वीकृत गरि कार्यान्वयनमा ल्याएको थियो ।

बहुवर्षीय प्रकृतिका ति कार्यक्रममै स्थानीय तथा प्रदेशले पुनः बजेट माग गर्न सक्नेछन् । आयोगले आयोजना प्रस्तावको ढाँचा र शर्तसमेत स्थानीय तह र प्रदेशलाई पठाइसकेको जनाएको छ । योजना आयोगले तल्ला सरकारहरूबाट प्राप्त प्रस्तावलाई प्रशोधन गरी यी दुई अनुदानका लागि कार्यक्रम र बजेट स्वीकृति दिने प्रावधान रहेको छ ।

संघीय सरकारबाट कुल चार प्रकारका अनुदान तल्लो सरकारमा जान्छन् । त्यसमध्ये वित्तीय समानिकरण अनुदान र सशर्त अनुदान भने निश्चित समयमा अर्थ मन्त्रालयले सीधै पठाउने गर्छ ।

## कुन-कुन क्षेत्र ?

समपुरक अनुदानका लागि आर्थिक क्षेत्र, कृषि, भूमिसुधार तथा वन क्षेत्र र पूर्वाधार क्षेत्रमा बजेटरकार्यक्रमरआयोजना माग गर्न सकिने प्रावधान रहेको छ । यसबाहेक सामाजिक क्षेत्र, सुशासनका क्षेत्रमा पनि आयोजना प्रस्ताव गर्न सकिन्छ ।

पर्यटन पूर्वाधाररकार्यक्रम, कृषि भण्डार, शीतगृह, नविनतम प्रविधिको प्रयोग गरी कार्यानवयन गरिने सिंचाई तथा नदी नियन्त्रणका लागि समेत आयोजना माग गर्न सकिन्छ । ग्रामिण क्षेत्रमा एकिकृत बस्ती विकासका लागि नमुना आवास योजना, मझौला तथा ठूला पुल, सडक, उर्जा क्षेत्रमा समेत समपुरक अनुदानका कार्यक्रम माग गर्न सकिने गरी प्रस्ताव आव्हान भएको छ ।

विद्यालय भवन, खानेपानी, स्वास्थ्य चौकी, फोहोरमैला प्रशोधन र स्थानीय तहका प्रशासनिक भवन निर्माणमा समेत बजेट माग गर्न सकिने भएको छ । समपुरक अनुदान माग गर्दा गाउँपालिका र नगरपालिकाले एक करोड देखि १० करोडसम्मका आयोजनारकार्यक्रम प्रस्ताव गर्नुपर्ने छ । उपमहानगर र महानगर पालिकाले ५ करोड देखि २५ करोडसम्मका कार्यक्रमका लागि अनुदान पाउने छन् ।

प्रदेश सरकारले २० करोडबाट १ अर्बसम्मका आयोजनारकार्यक्रमका लागि अनुदान पाउने छन् । कुल लागतको ५० प्रतिशत भने सम्बन्धित सरकारले बेहोर्नुपर्छ ।

आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवधि अधिकतम तीन वर्षको मात्र हुनुपर्छ । आयोजनार कार्यक्रमको पूर्वतयारीको काम पुरा भएको हुनुपर्ने शर्त तोकिएको छ ।

उता, विशेष अनुदानका कार्यक्रममा शिक्षा, स्वास्थ्य, खानेपानी, समावेशीकरण तथा मूलप्रवाहीकरण, तहगत सन्तुलन, खाद्य सुरक्षा तथा पोषण र फाहोरमैला व्यवस्थापनका लागि बजेट माग गर्न सकिने छ ।

यी कार्यक्रम माग गर्दा समेत आयोजनारकार्यक्रमको पूर्वतयारीको चरणका काम भने पुरा भएको हुनुपर्ने शर्त राखिएको छ । आयोजना माग गर्दा प्रदेशमा १० करोड, स्थानीय तहमा अधिकतम १० करोड र न्यूनतम ५० लाख रूपैयाँ लागतको सीमा भित्र रहेर माग गर्नुपर्ने भएको छ ।




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी